# समूह/समिति गठन तथा व्यवस्थापन कार्यविधि-२०८०

कार्यपालिकाबाट पारित मिति : २०८०/०७/१९

## माथागढी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

झडेवा,पाल्पा,लुम्बिनी

Email: mathagadhimun@gmail.com.

Website: https://mathagadhimun.gov.np/

# अनुसूची-१

कार्यपालिकाको मिति २०८०।०७।१९ गतेका

बैठकको निर्णय नं. संग संबन्धित

## समूह/समिति गठन तथा व्यवस्थापन कार्यविधि-२०८०

**पृष्ठभूमिः**

समग्र माथागढी गाउँपालिकाभित्र बसोबास गर्दै आएका विभिन्न वर्ग समुदायका मानिसहरुको समय सापेक्ष कृषि, पशुपन्छी तथा महिला सशक्तिकरण, समावेशीकरण, मूलप्रवाहीकरण र समग्र सामाजिक तथा आर्थिक विकासका लागि सेवाटेवा सरल, सहज, सुलभ, मितव्ययी तवरले उपलब्ध गराउन कृषि उत्पादन प्रणाली, महिला सशक्तिकरणमा एउटा सुसंगठित व्यवस्था र पद्धतिको आवश्यकता समय अनुरुप महसुस हुँदै आयो । यसै परिवेशमा कृषि प्रसार, पशुपन्छी विकास तथा महिला सशक्तिकरणसँग सम्बन्धित सबै प्रकारका सेवाटेवालाई एकीकृत गर्दै 'एउटै छानोमुनि' बाट सेवा प्रवाह गर्ने उद्देश्यका साथ विभिन्न अभ्यासहरु समेत गरिदै आएको छ । तर प्रचुर भौगोलिक तथा जलवायु विविधता, न्यूनतम पूर्वाधार, लैङ्गिक विभेद भएको नेपाल जस्तो देशको आर्थिक विकास गर्नलाई समूह/समिति मार्फत प्रवाह गराउँदा प्रभावकारी, मितव्ययी एवं छिटो-छरितो र समाजमा पछाडि परेका वर्ग समुदाय, विपन्न महिला, एकल महिला, कृषि पेशामा आवद्ध कृषक समुदायहरुलाई बढी भन्दा बढी सहभागी गराई छिट्टै परिवर्तनको मार्गमा डोऱ्याउन, आर्थिक तथा सामाजिक स्तरमा सुधार ल्याउन तथा धेरै भन्दा धेरै महिला, विपन्न वर्ग, कृषक समुदाय आदिलाई कार्यक्रममा समावेश गराई छिटो-छरितो रुपमा प्रविधि विस्तार गर्न समूह/समितिको भूमिका अहम हुने साथै विपन्न महिला, एकल महिला, कृषि पेशामा आबद्ध कृषकहरु माझ नेतृत्व विकास गरी स्थानीय श्रोत र साधनको समुचित प्रयोगद्वारा सो क्षेत्रको समग्र विकासमा समूह/समितिले टेवा पुऱ्याउने गरेकोले समूह/समितिहरुको समुचित प्रयोग गरी कृषि, महिला सशक्तिकरण, पशुपन्छीको समष्टिगत विकासमा सकारात्मक प्रभावको लागि तत्काल सम्बोधन गर्न समय सापेक्ष वैधानिक मार्गदर्शनको आवश्यकता महसुस गरी समूह/समितिहरुलाई प्रभावकारी एवंम् समन्वयात्मक रुपमा सञ्चालन गर्न महिला विकास र समग्र कृषि क्षेत्रमा संलग्न निकायहरुको कामकारवाहीलाई प्रकृयागत रुपमा अझ बढी प्रभावकारी एवं समन्वयात्मक तवरले सञ्चालन गर्न/गराउन वाञ्छनीय देखिएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा .... को अधिकारलाई प्रयोग गरी माथागढी गाउँपालिकाको "समूह/समिति गठन तथा व्यवस्थापन कार्यविधि-२०८०" जारी गरिएको छ।

प्रमाणीकरण मिति :

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :**

क) यो कार्यविधिको नाम **"समूह/समिति गठन तथा व्यवस्थापन कार्यविधि-२०८०"** रहेको छ।

ख) यो कार्यविधि माथागढी गाउँकार्यपालिकाबाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ ।

ग) यो कार्यविधि सम्बन्धित स्थानीय तह अन्तरगतका कार्यक्रम सञ्चालन गर्न लागू गरिनेछ ।

घ) यो कार्यविधि स्थानीय तह सञ्चालन ऐन, २०७६ को अधिकारलाई प्रयोग गरी लागू गरिएको छ।

२. **परिभाषाः**

विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) **"गाउँपालिका"** भन्नाले नेपालको संविधान बमोजिम स्थापनाभएको माथागढी गाउँपालिकालाई सम्झनु पर्दछ ।

ख) **"कृषक"** भन्नाले यस कार्यविधिको प्रयोजनका लागि कसैको जग्गा करारमा लिई वा आफ्नो जग्गामा व्यवसायिक खेती, पशुपालन, माछापालन गर्ने व्यक्ति, समूह, व्यवसायी, कृषि फार्म र कृषि, दुग्ध सहकारी संस्थाका सदस्यहरुलाई जनाउँदछ ।

ग) **"वडा"** भन्नाले माथागढी गाउँपालिका अन्तर्गतका वडाहरुलाई सम्झनु पर्दछ ।

घ) **"विपन्न महिला"** भन्नाले महिला विकास कार्यक्रमको रणनीति-पत्र, २०६८ को प्रकरण १.२.१ मा परिभाषा गरिए बमोजिम सम्झनु पर्दछ ।

ङ) **"स्थानीय तह"** भन्नाले माथागढी गाउँपालिकालाई सम्झनु पर्दछ ।

च) **"एकल महिला"** भन्नाले पतिको मृत्यु भएर पतिसँग पारपाचुके गरेर वा चलनचल्तीको उमेर टरी अविवाहित नै रहने तय गरेर बिजोड बसेका महिलालाई सम्झनु पर्दछ र सो शब्दले कानुनतः पारपाचुके नगरे तापनि पति बेपत्ता भएको, पतिका कारण घर बस्न नसकी वा पतिले नै घर निकाला गरेका वा घर छाडि भिन्दै बसेको अवस्थामा रहेका महिलाहरुलाई समेत सम्झनु पर्दछ ।

छ) **"समूह"** भन्नाले कृषि, पशुपन्छी, महिला सशक्तिकरण, न्यून आय भएका विपन्न वर्ग, समुदाय, एकल महिलाहरु आदी मिल्दा-जुल्दा उद्देश्य, समस्या, आवश्यकता र चाहनाहरु भएका न्यूनतम

अध्यक्ष

१५ देखि २१ जना भन्दा बढी व्यक्तिहरु मिलि आफ्ना निश्चित साझा उद्देश्यहरु सामुहिक प्रयत्नद्वारा प्राप्त गर्न बनाइएको समूह/संगठन/समितिलाई जनाउँदछ ।

ज) **"समूह/समिति विधान"** भन्नाले समूह/समितिको उद्देश्य प्राप्तिका लागि क्रियाकलाप सञ्चालन गर्न बनाईएको नीति नियम तथा कानुनको दस्तावेज जसले समूह/समिति सदस्यहरुलाई उद्देश्य प्राप्तिमा सहज गराउने दस्तावेजलाई जनाउँदछ ।

झ) **"हितकोष"** भन्नाले कुनै पनि संघ/संस्था, कार्यालय, योजना, परियोजना सञ्चालन गर्न नगद, जिन्सी तथा भौतिक सरसामान नगद मौज्दात, ऋण लगानी, लगानीको रुपमा रहेको समूह/समितिको नगद पुँजीलाई जनाउँदछ ।

ञ) **"हितकोष परिचालन"** भन्नाले संकलित हितकोषलाई उत्पादनमूलक कार्यमा लगानी गर्नु भन्ने बुझिन्छ ।

ट) **"सशक्तिकरण"** भन्नाले समूह/समितिलाई उद्देश्य अनुरुप अघि बढ्न प्रयासरत रहने वा अशक्त अवस्थामा रहेका वर्ग, समुदाय, समूह/समिति सदस्यहरुको विभिन्न कार्यक्रमहरु मार्फत सामाजिक आर्थिक तथा शैक्षिक सुधार गरी सशक्त बनाउने कार्यलाई नै समूह/समिति सशक्तिकरण भनिन्छ ।

ठ) **"कार्य समिति"** भन्नाले कार्यविधि अनुसार सर्वसम्मत वा निर्वाचित पदाधिकारीहरु (अध्यक्ष, उपाध्यक्ष, सचिव, सह-सचिव, कोषाध्यक्ष तथा सदस्यलाई जनाउनेछ ।

ड) **"साधारण सभा"** भन्नाले यस कार्यविधि बमोजिम गठित सभालाई जनाउने छ ।

ढ) **"कृषि"** भन्नाले बाली, बागवानी, पशुपन्छी, मत्स्य आदी कृषिका सबै उप-क्षेत्रसँग सम्वद्ध उत्पादन, उद्योग एवं व्यवसायहरु समेतलाई जनाउँछ ।

ण) **"महिला विकास"** भन्नाले अति विपन्न तथा श्रोतमा पहुँच नपुगेका महिला तथा बालबालिकाहरुको जीवनस्तरमा सुधार ल्याउने अभिप्रायले ग्रामिण समुदायका विपन्न महिलाहरुको आय-आर्जनमा टेवा पुर्‍याई न्यूनतम महिलाहरुको मूलप्रवाहीकरण, समावेशीकरण गरी महिला सशक्तिकरण गर्नुलाई जनाउँदछ ।

त) **"लेखा"** भन्नाले प्रचलित कानुन, ऐन, नियम, नीति, कार्यक्रम तथा निर्णय, आदेश तथा मापदण्ड समेतलाई आधार मानी कारोबारको यथार्थ विवरण देखिने गरी राखिने अभिलेख वा खाता भन्ने बुझिन्छ । लेखापरीक्षण ऐन, २०४८ अनुसार कारोबार भएको व्यहोरा देखिने गरी प्रचलित कानुन बमोजिम राखिने अभिलेख, खाता, किताब आदी र सो कारोबारलाई प्रमाणित गर्ने अन्य कागजात समेतलाई जनाउँदछ ।

थ) **"विषयगत शाखा"** भन्नाले माथागढी गाउँपालिका अन्तर्गतका शाखा बुझिन्छ ।



अध्यक्ष

३. **उद्देश्यः** समूह/समिति गठन तथा संचालनमा टेवा पुऱ्याउनका लागि यस कार्यविधिको तपसिल बमोजिमका उद्देश्यहरु हुनेछन् :-

क) प्रत्यक्ष रुपमा उत्पादनमा संलग्न कृषकहरु आबद्ध समूह/समितिहरुको समन्वय, व्यवस्थापन र नियमन गर्नको लागि सहयोग पुऱ्याउने ।

ख) छेकबारजन्य चलनको अवज्ञ, व्यवहारिक लैङ्गिक समता, महिला सशक्तीकरण, मूलप्रवाहमा महिलाहरुको सहभागिताका लागि नियमन सम्बन्धी कार्यमा सहयोग पुऱ्याउने ।

ग) समूह/समितिको गठन र संचालनका लागि आवश्यक मापदण्ड र प्रक्रियाको मार्गदर्शन गर्ने ।

घ) पूँजीमा महिलाहरुको समान अधिकार, हितकोष संचालन व्यवस्थापन, परिचालन र पारदर्शितामा सहयोग पुऱ्याउने ।

ङ) समूह/समितिको गठन तथा परिचालन कार्यमा संलग्न निकाय र व्यक्तिको भूमिका र जिम्मेवारी तोक्ने ।

च) समूह/समिति व्यबस्थापन, सुपरिवेक्षण, अनुगमन तथा मूल्यॉकन प्रणालीलाई विकास गर्ने ।

४. **कार्यविधिको प्रयोग गर्नुपर्ने अवस्थाः** यस कार्यविधिको प्रयोग देहायका अवस्थामा हुनेछ ।

क) कृषि, पशुपन्छी तथा महिला बिकासमा संलग्न निकायहरुको काम कारवाहीलाई प्रकृयागत रुपमा प्रभावकारी एवं समन्वयात्मक तवरले सञ्चालन गरी सुशासन लागू गर्नुपर्ने अवस्थामा,

ख) विषयगत शाखा (सरकारी) वा गैर-सरकारी निकायहरुबाट कृषि, पशुपन्छी तथा महिला विकास सम्बन्धी कार्यक्रम गर्नको लागि समूह/समिति गठन तथा व्यवस्थापन गर्नुपर्ने अवस्थामा,

ग) नेपाल सरकार, विषयगत मन्त्रालय मातहतका कार्यालयहरुबाट गठन भई आएकासमूह/समितिको योजना तर्जुमा गर्नुपर्ने अवस्थामा,

घ) समूह/समिति हितकोष (बचत) संकलन तथा परिचालन गर्नुपर्ने अवस्थामा, ङ) समूह/समितिमा लेखा व्यवस्थापन गर्नुपर्ने अवस्थामा,

च) समूह/समितिमा मतभेद व्यवस्थापन गर्नुपर्ने अवस्थामा,

छ) विभिन्न सरोकारवाला पक्षहरुको भूमिका र जिम्मेवारी तोक्नु पर्ने अवस्थामा

## परिच्छेद-२

## समूह/समिति गठनका आधार

### समूह/समिति गठनका आधारहरु तथा सदस्यहरुको छनौट र समूह/समितिको वर्गीकरण

५. **समूह/समिति गठनका आधारहरुः** स्थानीय तहको विषयगत शाखाहरुले समूह/समिति गठन देहायका बुँदाहरुमा ध्यान दिनुपर्नेछ :-



अध्यक्ष

क) महिला तथा कृषि, पशुपन्छी पेशामा रहेका कृषकहरुको आवश्यकता र स्थान विशेषको कृषि उत्पादनको सम्भाव्यता ।

ख) विशेष समुदाय वा विशेष उत्पादन क्षेत्र र सेवा पुऱ्याउनुपर्ने कृषकहरुको घरधुरी संख्या ।

ग) समूह/समितिमा समान आर्थिक, सामाजिक स्थिति र श्रोत साधन भएका वास्तविक समस्याको पहिचान पश्चात स्वतःस्फूर्त चाहाना अनुरुपका सदस्यहरुको सहभागिताको सुनिश्चितता र छनौट,

घ)समूह/समितिमा विभिन्न वर्ग, समुदायका सदस्यहरुको प्रतिनिधित्वको सुनिश्चितता(समावेशीकरण),

६. **समूह/समिति गठनका लागि सदस्यहरुको छनौट गर्दा ध्यान दिनुपर्ने कुराहरुः** समूह/समिति गठनको प्रारम्भिक अवस्थामा वास्तविक कृषकहरुको छनौटमा त्रुटि भएमा समूह/समिति अघि बढ्न नसक्ने भएको हुनाले सदस्यहरु चयन गर्दा देहायका कुराहरुमा ध्यान पुऱ्याउनु पर्दछ :-

क) साझा उद्देश्य लिएका ।

ख) समान सामाजिक एवं आर्थिकस्तर भएका ।

ग) सकभर साक्षर एवं शिक्षित समुदाय भएका र शैक्षिकस्तरमा समानता भएका ।

घ) समूह/समितिको कार्यमा समय दिन सक्ने ।

ङ) उत्पादन समूह/समितिको हकमा सकेसम्म सँगै जग्गा जमिन भएका समुदाय ।

च) एउटै समुदाय र क्षेत्रमा बसोबास गर्ने, विपन्न महिला, दलित, जनजाति तथा घरेलु हिंसा पिडित महिला आदी ।

छ) एकाघरको एक जना भन्दा बढी सदस्य एउटै समूह/समितिमा सदस्यता लिन नपाइने ।

ज) कुनै एक समूह/समितिमा आबद्ध भईसकेको सदस्य अर्को त्यस्तै प्रकृतिको समूह/समितिमा आबद्ध हुन नसक्ने ।

झ) समूह/समितिको उद्देश्य अनुरुप व्यवसायी वा पेशाकर्मी मात्र समूह/समितिको सदस्य हुन पाईने।

७. **समूह/समितिको वर्गीकरणः** समूह/समितिका सदस्यहरुको लैङ्गिक सहभागिता, समूह/समितिले निश्चित गरेको क्षेत्रगत आधार साथै श्रृंखलाको आधारमा समूह/समितिलाई वर्गीकरण गर्न सकिन्छ ।

क) लैंगिक सहभागिताको आधारमाः

१. महिला समूह/समिति

२. पुरुष समूह/समिति

३. मिश्रित समूह/समिति

ख) क्षेत्रगत आधारमाः

अध्यक्ष

१. घरेलु हिंसा न्यूनीकरणका लागि महिला निगरानी समूह/समिति

२. बागवानी समूह/समिति

३. लक्षित समूह/समिति

४. लैङ्गिक हिंसा निवारण समूह/समिति

५. गाई/भैंसीपालन समूह/समिति

६. बीज वृद्धि समूह/समिति

७. विपन्न महिला समूह/समिति

८. बाख्रापालन समूह/समिति

९. माहुरीपालन समूह/समिति

१०. रेशमखेती समूह/समिति

११. दुग्ध उत्पादन समूह/समिति

१२. कृषि बजार व्यवस्थापन समूह/समिति ,

१३. घाँसे बाली विकास समूह/समिति

१४. आई.पि.एम. समूह/समिति

१५. कुखुरापालन समूह/समिति

१६. मत्स्यपालन समूह/समिति

१७. बाली विकास समूह/समिति ईत्यादि

ग) मूल्य श्रृंखलाको आधारमाः

१. कृषि सामाग्री उत्पादन समूह/समिति (बिउ उत्पादक, प्राङ्गारिक मल उत्पादक आदी)

२. उत्पादन समूह/समिति

३. प्रशोधन समूह/समिति

४. दुधको बजारीकरण समूह/समिति

## परिच्छेद-३

## समूह/समिति गठन प्रकृया र संरचना

समूह/समिति गठन प्रकृया, कार्य समितिको संरचना र पदाधिकारीको जिम्मेवारी

८. समूह/समिति गठन प्रकृयाः

क) प्रारम्भिक भेला

अध्यक्ष

- विषयगत शाखाको आवश्यकता अनुसार परिच्छेद-२ को दफा (५) को आधारमा ईच्छुक
- समुदायहरुको भेला तथा अभिमुखीकरण कार्यक्रम आयोजना गर्ने ।
- सरोकारवाला निकायहरुलाई आवश्यकता अनुसार आमन्त्रण गर्न सकिने ।
- भेलामा छलफलको एजेण्डा, मिति, समय र स्थान तय गर्ने ।
- भेला सञ्चालनका लागि सहभागीहरु मध्ये एक जनालाई जिम्मेवारी लिई नेतृत्व गर्न तोक्ने
- भेलाको उद्देश्य र आवश्यकता (समूह/समिति गठनको उद्देश्य र आवश्यकता) बारे जानकारी गराउने ।

**ख) छलफल सञ्चालनः**

- भेलाको उद्देश्य र आवश्यकता (समूह/समिति गठनको उद्देश्य र आवश्यकता) विस्तृत रुपमा प्रष्ट पार्ने ।
- भेलाका एजेण्डाहरुमा परामर्श छलफल गर्दा बुँदाहरु टिपोट गरी निर्णय पुस्तिका तयार गर्ने ।
- समूह/समिति सदस्य बन्न इच्छुक व्यक्तिहरु छनौट गरी नामावली तयार गर्ने ।
- उक्त भेलाले "तदर्थ समिति" गठन र कार्य विभाजन गर्ने ।

**ग) तदर्थ समितिको बैठक संचालनः**

- बैठकका विषय वस्तुहरु तय गरी तदर्थ समितिका सदस्यहरुलाई जानकारी दिने ।
- सम्बन्धित निकायहरुलाई निमन्त्रणा गर्ने ।
- आवश्यक कागजात तयार गर्ने ।
- समूह/समितिको विधानको खाका तयार पार्ने ।
- समूह/समिति हितकोष सम्बन्धी निर्णय गर्ने ।
- समूह/समितिको उद्देश्य र कार्यक्रम तर्जुमा गर्ने ।
- सम्बन्धित निकायमा विधान दर्ता गराउन जिम्मेवारी तोक्ने ।
- तदर्थ समिति गठन भएको एक महिना भित्र प्रारम्भिक साधारण सभाको आयोजना गर्ने।

**घ) प्रारम्भिक साधारण सभाको संचालन र जिम्मेवारीः**

- कार्य समितिको गठन गर्ने ।
- समूह/समितिको वार्षिक कार्य योजना तथा कार्यक्रम तयार गरी अनुमोदन गर्ने ।
- विधान मस्यौदा माथि छलफल एवं स्वीकृत गर्ने ।



अध्यक्ष

- बैंक खाता संचालन सम्बन्धी निर्णय गर्ने ।
- आवश्यकता अनुसार अन्य निर्णयहरु गर्ने

**९. कार्य समितिको संरचनाः** समूह/समितिको कार्य समितिमा रहने गरी समावेश सिद्धान्तको आधारमा देहाय बमोजिम संरचना रहनेछ ।

- अध्यक्ष : १
- उपाध्यक्ष : १
- सचिव : १
- कोषाध्यक्ष : १
- सदस्यहरु : ३ वा आवश्यकता अनुसार राख्न सकिने ।
- पदेन सदस्य : समिति गठन गर्दा सम्बन्धित विषयगत समितिले तोकेको
- प्राविधिक/प्रतिनिधि आवश्यकता अनुसार १ जना पदेन सदस्य रहने ।

मिश्रित समूह/समितिको हकमा कार्य समितिको पदाधिकारी अन्तर्गत अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कम्तीमा १ पदमा महिला अनिवार्य हुनुपर्नेछ । यस बाहेक समूह/समितिले विषय वस्तुमा दख्खल राख्ने निश्चित व्यक्तिहरुलाई संयोजक तोकी आर्थिक उप-समिति, प्राविधिक उप-समिति, प्रचार-प्रसार उप-समिति तथा बजार व्यवस्थापन उप-समिति जस्ता उप-समितिहरु गठन गरी जिम्मेवारी प्रदान गर्न सक्नेछ । ऋण उप-समिति कोषाध्यक्षको संयोजकत्वमा गठन गर्नुपर्नेछ । मिश्रित

समूह/समितिको हकमा कार्य समितिमा कम्तीमा ३५% महिला प्रतिनिधित्व सुनिश्चित गराउनु पर्नेछ । महिला समूह/समिति गठन गर्दा विषय विज्ञताको आधारमा सल्लाहकारको रुपमा पुरुषलाई सल्लाहकार

सदस्यको रुपमा मनोनयन गर्न सकिनेछ । समूह/समिति गठन एवं हितकोष (बचत) परिचालनको

सन्दर्भमा प्रजातान्त्रिक प्रकृया अवलम्बन गर्नुपर्ने छ ।

**१०.पदाधिकारीको काम, कर्तव्य र अधिकारः** समूह/समितिको कार्य समितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार विधानमा व्यवस्था भए बमोजिम हुनेछ ।

## परिच्छेद-४

## समूह/समितिको विधान



अध्यक्ष

११. **समूह/समितिको विधानः** समूह/समितिको विधान विषयगत शाखा वा कुनै संघ/संस्थाको उद्देश्य प्राप्तिका लागि क्रियाकलाप सञ्चालन गर्न बनाइएको नीति, नियम तथा कानुनको दस्तावेज, समूह/समिति र सदस्यहरुलाई उद्देश्य प्राप्तिमा सहज गराउने खालको हुनुपर्ने छ ।

क) समूह/समिति विधानमा हुनुपर्ने गुणहरुः

- नेपालको संविधान, प्रचलित कानुन र यो कार्यविधिसँग नबाझिने ।
- नेपालको संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारको महिला सशक्तिकरण, कृषि नीतिसँग मेल खाने ।
- सफा, स्पष्ट, एक आपसमा नबाझिने, सरल भाषा प्रयोग भएको ।
- प्रजातान्त्रिक ढंगले पदाधिकारीहरुको निर्वाचन हुने प्रावधान राखिएको ।
- विधान संशोधनको प्रवधान भएको ।
- महिला सहभागितालाई प्रोत्साहन गरिएको ।
- कार्यकारिणी समिति, साधारण सभा तथा साधारण सदस्यहरु बीच शक्ति सन्तुलन भएको।

**ख) विधान बनाउने तरिकाः**

- उपसमितिले मस्यौदा तयार गर्ने ।
- नमूना विधानको प्रयोग गरेर प्रत्येक दफाउपदफामा छलफल गरी आफ्नो संस्थाको उद्देश्य अनुसार मस्यौदा विधान तयार गर्ने ।
- मस्यौदा विधानलाई साधारण सभामा छलफल गरी पारित गर्ने ।
- पारित विधानलाई सम्बन्धित संस्थामा दर्ता गराउन पहल गर्ने ।

**ग) विधान संशोधन :**

विधान संशोधनका लागि अपनाउनुपर्ने चरणहरु

- विधान संशोधन उप-समिति गठन गर्ने ।
- संशोधित विधानलाई कार्य समितिमा प्रस्तुत गरी पारित गर्ने ।
- साधारण सभाको कम्तिमा निश्चित (विधानमा तोकिए बमोजिम) बहुमतद्वारा पारित गर्ने।
- संशोधित विधानलाई पहिले दर्ता गरिएको कार्यालयमा पेश गर्ने ।
- सम्बन्धित कार्यालयले संशोधित विधानलाई स्वीकृत गरे पछि मात्र विधान संशोधन भएको मानिनेछ ।

## परिच्छेद-५

## समूह/समिति दर्ता, पुनर्गठन तथा नवीकरण



अध्यक्ष

१२. **समूह/समिति दर्ता गर्ने:** स्थानीय तहको सम्बन्धित विषयगत शाखामा समूह/समिति दर्ता गरिनेछ । यसको लागि समूह/समितिले समूह/समितिको विधान (अनुसूची-१), निवेदन फाराम (अनुसूची-२), समूह/समिति पदाधिकारीहरुको विवरण (अनुसुची-३), सदस्यहरुको विवरण फाराम(अनुसुची-४) सहितको निवेदन सम्बन्धित शाखा/इकाईमा पेश गर्नुपर्नेछ । यसका लागि सम्बन्धित शाखा/इकाईले समूह/समिति दर्ताका लागि स्थानीय तहले तोके बमोजिम राजस्व दस्तुर काटी आएको आवेदन सम्बन्धित शाखाले समूह/समिति दर्ता प्रमाण-पत्र (अनुसुची-५) दिनुपर्नेछ । यसरी दर्ता गरिएको समूह/समितिको अवधि १ वर्ष रहने छ ।

१३. **समूह/समिति पुनर्गठन गर्ने:** विधानमा उल्लेख भए बमोजिम समूह/समितिले आफ्नो आवश्यकताको आधारमा समूह/समिति पुनगर्ठन गर्न सक्नेछ साथै समूह/समितिको साधारण सभा वर्षको एक पटक आश्विन मसान्तसम्ममा गर्नुपर्ने हुन्छ। समूह/समितिले आफ्नो समूह/समितिको साधारण सभा/पुनगर्ठन गरी सम्बन्धित शाखालाई जानकारी दिनु पर्नेछ ।

१४. **समूह/समिति नवीकरण गर्ने:** समूह/समितिले आफ्नो समूह/समिति दर्ता प्रमाण-पत्रको १ वर्ष अवधि पूरा भइसकेपछि नवीकरण गर्नुपर्नेछ । यसको लागि समूह/समितिले प्राप्त गरेको समूह-समिति दर्ता प्रमाण-पत्र सहितको निवेदन सम्बन्धित शाखामा म्याद सकिएको ३५ दिन भित्र पेश गर्नुपर्ने छ र सो को लागि गाउँपालिकाले तोके बमोजिम राजस्व शुल्क लिई नवीकरण गर्न सकिनेछ । एक वर्षसम्म नवीकरण नगरेको खण्डमा प्रति वर्ष २५%का दरले नवीकरण शुल्कमा थप दस्तुर थप हुँदै जानेछ ।

## परिच्छेद-६

## समूह/समिति श्रोत/हितकोष संकलन तथा परिचालन

१५. **श्रोत/हितकोष परिचालनः** समूह/समितिमा संकलन भएको रकम नजिकको बैंकमा खाता खोली जम्मा गर्नु पर्दछ र समूह/समिति अध्यक्ष र सचिव वा कोषाध्यक्षको संयुक्त दस्तखतबाट सो खाताको संचालन गर्नुपर्ने छ । विषयगत समूह/समितिले गरेको कुल आम्दानी मध्ये कम्तीमा ५०% उद्देश्य अनुरुपको क्षेत्र (कृषि तथा पशुपन्छी समूह/समिति भए सोहि क्षेत्र र महिला विकाससँग सम्बन्धित भए सोही क्षेत्रमा लगानी गर्ने) मा लगानी गर्नुपर्ने छ । ऋण प्रवाह गर्दा लाग्ने ब्याज दर साधारण सभाले निर्धारण गर्नेछ । कुनै समूह/समितिले उक्त समूह/समितिको सदस्य नरहेको व्यक्तिलाई लगानी गर्न पाईने छैन।

## परिच्छेद-७

## समूह/समितिमा लेखा व्यवस्थापन

१६. समूह/समितिमा लेखा व्यवस्थापनः समूह/समिति संचालनको निम्ति आर्थिक तथा व्यवसायिक कारोबार नियमानुसारका मुख्य चार खाता राखेर सरल तरिकाले लेखा व्यवस्थापन गर्न सकिनेछ।

क) सम्पति (नगद तथा जिन्सी) खाता

ख) सामान बिकी तथा आम्दानी खाता

ग) सामान खरिद तथा खर्च खाता

घ) दायित्व खाता

क) **सम्पति (नगद तथा जिन्सी) खाताः** यस खातामा समूह/समितिहरुको स्वामित्वमा रहेको धनमाल, जायजेथा, सम्पति लगायत कर्जा लगानी रकम, अरुबाट पाउनुपर्ने रकम आदि समावेश गरिएको हुन्छ । यसमा खास गरी समूह/समितिको नाममा रहेको नगद तथा बैंक मौज्दात, लगानी, ऋण दिएको रकम, अरुबाट पाउनु पर्ने हिसाब, मेशिन, फर्निचर, घर जग्गा, सवारी साधन आदि हिसाबहरु समावेश गरिएको हुन्छ । यसमा समूह/समितिको सम्पत्ति वृद्धि हुँदा डेविट र घट्दा केडिट हुन्छ ।

ख) **सामान बिकी तथा आम्दानी खाताः** यस खातामा समूह/समितिहरुले प्राप्त गरेको विषयगत शाखाहरुबाट प्राप्त अनुदान रकम, सर-सामान र सेवा बिक्रीबाट प्राप्त रकम लगायत लगानी तथा कर्जा लगानीबाट प्राप्त ब्याज आम्दानी, व्यापारी छुट सुविधा, अन्य संघ/संस्थाबाट प्राप्त अनुदान, सदस्यता वा प्रवेश शुल्क, स्थिर सम्पति भाडामा दिए बापत प्राप्त रकम, हर्जाना बापत प्राप्त रकम आदि आम्दानी समावेश गरिएको हुन्छ । यस खाताको अन्त्यमा देखाइने कुल मौज्दात सामान्यतया डेबिट हुन्छ ।

ग) **सामान खरिद तथा खर्च खाताः** यस खातामा समूह/समितिहरुले खरिद गर्ने सरसामान र सो को ढुवानीमा लाग्ने ज्याला तथा खर्च लगायत कार्यालय सञ्चालन खर्चहरु, तलब, भत्ता, मर्मत, घरभाडा, धारापानी, बिजुली, ब्याज खर्च, हासकट्टी रकम, बैठक भत्ता विविध आदि खर्चहरु समावेश गरिएका हुन्छन् । यस खाताको अन्त्यमा देखाइने कुल मौज्दात सामान्यतया क्रेडिट हुन्छ ।

घ) **दायित्व खाताः** समूह/समितिहरुले अरुलाई बुझाउनु पर्ने सबै प्रकारको हिसाब रकम यस खातामा चढाउनु पर्दछ । यसमा सदस्यहरुको शेयर पुँजी, बचत रकम, डिपोजिट रकम, धरौटी रकम, ऋण रकम, कसैलाई भुक्तानी दिनुपर्ने हिसाब लगायतका अन्य दायित्वहरु समावेश गरिएको हुन्छ । यस खातामा खर्च डेबिट हुन्छ भने आम्दानी क्रेडिट हुन्छ । यसमा खर्च (डेबिट, आम्दानी (क्रेडिट) र शेष (मौज्दात) गरी तीन वटा महलहरु रहेका हुन्छन् । सम्पत्ति (नगद तथा जिन्सी) खाता, आम्दानी खाता, खर्च खाता र दायित्व खाता क्रमशः अनुसूची-



अध्यक्ष

११,१२,१३ र १४ अनुसार बनाउन सकिनेछ । आवश्यकता अनुसार अन्य सहायक खाताहरु पनि प्रयोग गर्न सकिनेछ ।

## परिच्छेद-८
## समूह/समिति संचालन/परिचालन

१७. **समूह/समिति सञ्चालन/परिचालनः**

क) **समूह/समितिको समस्या एवं आवश्यकताको पहिचान तथा प्राथमिकताः** समूह/समितिका विभिन्न समस्याहरु हुन सक्छन र ती समस्याहरुको पहिचान गरी प्राथमिकता निर्धारण, सम्बन्धित विषयगत शाखा/इकाइले लक्ष्य र बजेटको परिधि र क्षमताले सम्भव भएसम्म उपलब्ध श्रोत साधन, समूह/समिति सदस्यहरुको क्षमता एवं प्रविधिहरुको आधारमा तिनीहरुको प्राथमिकता तोकी सरल एवं कम खर्चिलो समाधान खोज्नु पर्नेछ ।

ख) **समूह/समिति संचालनको लागि नियमहरु बनाउनेः** समूह/समिति संचालनको लागि नियमहरुको विकास आफ्नो चयन विधि र तिनको कार्य अवधि पनि तिनमा समावेश भएको हुनुपर्ने छ ।

ग) **आयमूलक क्रियाकलापहरुः** सबै समूह/समिति सदस्यहरुले, व्यक्तिगत एवं समूह/समितिगत रुपमा समेत उनीहरुसित उपलब्ध श्रोत र साधन अनुसार आफ्नो इच्छानुकूल एउटा वा त्यो भन्दा बढी आयमूलक कृयाकलापको थालनी गर्नुपर्नेछ ।

घ) **पुरस्कारको व्यवस्थाः** प्रत्येक वर्ष सहमतिका आधारमा छानिएको सबैभन्दा राम्रो काम गर्ने एक सदस्यलाई समावेशीका आधारमा आफ्नै श्रोत/हितकोष (बचत) बाट पुरस्कार दिने व्यवस्था मिलाउन सकिनेछ ।

ङ) अबिलम्ब सेवा तथा सहयोग पुऱ्याउने विभिन्न निकायहरुबाट सेवा तथा सहयोग माग गरेमा अविलम्ब सहयोग गर्ने र यसरी प्रदान गरिने सेवाहरु समूह/समितिको माध्यमबाट पुऱ्याउँदा एक अर्कासित नबाझिने हुनुपर्ने छ ।

च) **समूह/समिति सदस्यहरुको सीप तथा क्षमता विकासः** तालिम मार्फत समूह/समिति सदस्यहरुको आत्मविश्वास बढाउनको साथै उनीहरुमा सीप तथा क्षमता विकास र इच्छाको अभिवृद्धि गर्ने भएकोले प्रभावकारी, कुशल एवं दिगो रुपमा समूह/समितिलाई गतिशिल बनाई समूह/समितिको उद्देश्य हासिल गर्न समूह/समिति सदस्य र पदाधिकारीहरुलाई सम्बन्धित निकायहरुसँग समन्वय र सहकार्य गरी समय सापेक्ष र व्यवहारिक तालिमको लागि पहल गर्नुपर्ने छ । यदि सहकार्य गर्न नसकेका समूह/समितिले स्वयं आफै व्यवस्थापन गर्नुपर्ने छ ।



अध्यक्ष

छ) **सुपरिवेक्षण, अनुगमन र मुल्यांकन**: प्रत्येक वर्ष समूह/समितिले संचालन गरेको विभिन्न क्रियाकलापहरुको अनुगमन, सुपरिवेक्षण र मूल्यांकन गर्न एक ३ सदस्यीय उप-समिति बनाउन सकिनेछ ।

## परिच्छेद-९

## समूह/समितिमा मतभेद व्यवस्थापन

१८. **मतभेद व्यवस्थापनको प्रक्रियाः** समूह/समिति परिचालनको सम्बन्धमा उब्जिएका हरेक मतभेदहरुको निरुपण सम्बन्धित विषयगत शाखामा रहने प्राविधिकले गर्नेछ । यसरी विषयगत शाखाले गरेको निरुपणसँग असहमत हुने पक्षले सम्बन्धित स्थानीय तहको आर्थिक विकास समितिमा पुनरावेदन गर्न सक्नेछ । उक्त समितिले गरेको निरुपणसँग असहमत हुने पक्षले सम्बन्धित स्थानीय तहको उपाध्यक्षको संयोजकत्वमा तपसिल बमोजिम गठित ३ सदस्यीय "**मतभेद व्यवस्थापन समिति**" समक्ष पुनरावेदन गर्न सक्नेछ ।

- उपाध्यक्ष — संयोजक १ जना
- कृषक प्रतिनिधिको तर्फबाट राष्ट्रिय समूह/समिति महासंघ प्रतिनिधि — सदस्य १ जना
- विषयगत शाखाका प्रमुख वा प्राविधिक/प्रतिनिधि — सदस्य १ जना

मतभेद निरुपणका सम्बन्धमा उक्त समितिको व्याख्या नै अन्तिम हुनेछ ।

## परिच्छेद-१०

## समूह/समितिमा योजना तर्जुमा र श्रोत साधनको विकास

१९. **योजना तर्जुमा प्रकृयाः** समूह/समितिले आफ्नो कार्यक्रमको योजना तर्जुमा प्रकृयालाई देहायका आधारमा निर्माण गरी योजना तर्जुमा गर्नुपर्ने छ ।

१. आयोजनाको नाम :

२. पृष्ठभूमिः आयोजनको आधारभूत तथ्यांक, सम्भावना, अवसर र चुनौती ३. आयोजनाको उद्देश्यः

४. आयोजनाको प्रतिफलः

५. आयोजना संचालन गरिने क्षेत्रः

६. आयोजनाको अवधिः

७. आयोजनाको कृयाकलापहरुः

८. लाभान्वित परिवार संख्याः (प्रत्यक्ष तथा अप्रत्यक्ष, न्यून आय वर्ग, महिला, दलित, जनजाति आदि)

९. आवश्यक कारक तत्वहरुः

१०. आर्थिक सारांशः

११. आयोजनाको किसिमः (समूह/समितिको आफ्नै लगानी, विषयगत शाखासँगको साझेदारीमा

सञ्चालित वा अन्य संघ/संस्थासँगको साझेदारी।

१२. आयोजना कार्यान्वयन व्यवस्थापन, अनुगमन, मुल्यांकन प्रकृया:

१३. आयोजनाको दीगोपनाको लागि गरिने कार्यविवरण:

१४. आयोजनाबाट हुने वातावरणीय प्रभाव: (वार्षिक कार्य योजनाको नमूना ढाँचा अनुसूची-१६ मा उल्लेख गरिएको छ।

२०. स्थानीय श्रोत, साधनको विकास र संचालन: समूह/समितिको बाह्य निर्भरताका साथै उत्पादनको प्रति इकाई खर्च पनि घटाउनका लागि समूह/समितिले स्थानीय श्रोत, साधनको विकास र सञ्चालनमा उचित ध्यान दिनु पर्नेछ ।

## परिच्छेद-११

## सरोकारवाला निकायको भूमिका एवं उत्तरदायित्व

**२१. स्थानीय तह अन्तर्गतको विषयगत शाखा:**

१. समूह/समितिको आवश्यकता तथा मागको आधारमा स्थानीय तहको विषयगत शाखाले बजेट तथा कार्यक्रम बनाउनु पर्नेछ । समूह/समितिको कार्यक्रम तथा बजेट सिधै वा सम्बन्धित वडा कार्यालय मार्फत सम्बन्धित स्थानीय तहको विषयगतमा पठाउनु पर्नेछ ।

२. सम्बन्धित शाखाले आफ्नो तथा वडा कार्यालय मातहत कार्य गर्ने सबै प्राविधिक कर्मचारीहरुको अद्यावधिक रेकर्ड राख्नु पर्नेछ । सम्बन्धित वडा अन्तरगत रहने प्राविधिकले आफ्नो क्षेत्र अन्तरगतका समूह/समितिहरुलाई सम्भव भएसम्म प्राविधिक ज्ञान, सीप दिनु पर्नेछ ।

३. आवश्यक भए आर्थिक विकास समितिले विषय विशेषज्ञ सहितको टोली गठन गरी समूह/समितिमा पठाउनु सक्नेछ, समूह/समितिका सदस्यहरुलाई आवश्यक तालिम संचालन गर्ने, समूह/समिति सदस्यहरुले सञ्चालन गरेको कार्यक्रमहरुको सुपरिवेक्षण एवं अनुगमन गर्ने कामको कार्यतालिका बनाउनु पर्दछ र सोही अनुसार परिचालन गर्नुपर्ने छ ।

४. उत्पादन खर्च घटाउन र जग्गाको उत्पादकत्व बढाउनका लागि स्थानीय एवं बाह्य श्रोतहरुको कुशलतापूर्वक उपयोग गर्ने ज्ञान, सीप एवं तरिकाहरु फिल्डमा काम गर्ने प्रसार कार्यकर्ताले सिकाउनु पर्नेछ ।

५. समूह/समितिका सदस्यहरुलाई समस्या पहिचान गर्न र तिनको समाधान गर्न सहयोग पुऱ्याउने विषयमा तालिम दिनुपर्नेछ ।

६. विद्यमान नेपाली समाजमा हुने लैङ्गिक घरेलु हिंसा रोक्न, लैङ्गिक समता बनाउन, महिलाको वैयक्तिक, आर्थिक सामाजिक सशक्तिकरण गर्ने प्रकारका कार्यक्रमहरु समूह/समिति मार्फत लैजानु पर्नेछ ।



अध्यक्ष

७. नवगठित एउटा समूह/समिति परिपक्व र आत्मनिर्भर हुनु अगावै सदस्यहरुको आवश्यकता तथा माग अति बढेर जान सक्नेछ । तसर्थ सम्बन्धित शाखाले विद्यमान समूह/समितिको बदलिँदो माग वा आवश्यकतालाई ध्यानमा राखि वार्षिक कार्यक्रमहरुको तयारी तथा नविनतम प्रविधिहरुको ग्रहण गरी प्रसार कार्यक्रममा समावेश गराउँदै लैजानु पर्नेछ ।

**२२.विषयगत शाखा/वडा कार्यालयमा रहेका प्राविधिक :**

१. विषयगत शाखाको प्रमुख वा सो क्षेत्र हेर्ने प्राविधिक, समितिको पदेन सदस्य रही "कृषक समिति" गठन, सञ्चालन गर्न सक्नेछ, तर उक्त समितिको कोषमा रहेको नगद जिन्सी वा अन्य वस्तुमा कुनै हक भोग रहने छैन । पदेन सदस्यले प्राविधिक सल्लाह, सुझाव, परामर्श, कुनै कार्यक्रमको कार्ययोजना, कार्यक्रम सञ्चालनमा बिल भर्पाइ, तयारी, आदिमा सहयोग गर्नुपर्ने छ।

२. वार्षिक कार्यतालिका आपनो कार्यक्षेत्रका समूह/समिति, समितिहरुको बैठकमा भाग लिने, समूह/समितिको निरीक्षण अनुगमन गर्ने, तालिकाको समावेश गरी कार्यालयमा राख्नुपर्छ र सोही अनुसार कार्य गर्नुपर्ने छ ।

३. आपना कार्यक्षेत्रको विद्यमान अवस्था, आधारभूत आँकडाहरु, घरेलु महिला हिंसाका घटनाहरु, कृषिका तथ्याङ्कहरु संकलन, सम्पादन गर्नुपर्ने छ ।

४. सम्बन्धित क्षेत्रका प्राविधिकले समूह/समितिका समस्या पहिचान गर्ने, आफ्नो क्षमता, साधन र श्रोत अनुसार तिनको समाधान गर्न पथ प्रदर्शक, तालिमकर्ता, गति प्रदान गर्ने समन्वयकर्ताको रुपमा काम गर्नुपर्ने छ ।

५. समूह/समितिको कृयाकलाप र प्रगति अध्यावधिक अभिलेख तयार गर्न सहयोगीको भूमिका खेल्नु पर्नेछ ।

६. प्रसार कार्यकर्ताहरुले समूह/समितिको बैठकलाई सघाउन आफ्नो साप्ताहिक वा पाक्षिक वा मासिक कार्यतालिका तयार गर्नुपर्ने छ र वडा कार्यालयमा वा विषयगत शाखामा पठाउन वा आफ्नै प्रयोगको लागि राख्नु पर्नेछ र हरेक समूह/समिति बैठकमा भाग लिनु पर्नेछ ।

७. वडा कार्यालयमा रहने प्राविधिक, प्रसार कार्यकर्ताले समूह/समितिको समस्या पहिचान, प्राथमिकीकरण एवं कार्ययोजना तयारीको लागि PRA/RRA तरिका अपनाउन सहयोग गर्नु पर्नेछ।

८. गतिशिल समूह/समितिहरुलाई आफ्ना मौसमी एवं वार्षिक कार्यक्रम कार्यान्वयन तालिका बनाउन उनीहरुलाई सहयोग गर्नुपर्ने छ । समूह/समितिहरुलाई चाहिने कृषि सामग्रीहरु, ऋण, प्राविधिक सेवा तथा सहयोगको सूची तयार पार्न मद्दत गर्नुपर्ने छ ।

९. समूह/समितिहरुको बिवरण अनुसुची-४ अध्यावधिक गर्दै जानु पर्नेछ ।



अध्यक्ष

१०.समूह/समितिको निर्णय एवं कार्यहरु संकलन गर्न प्रतिवेदन फारामहरु (Reporting Formats) फाराम नं. ३, फाराम नं. ४, फाराम नं. ५ र फाराम नं. ६ भर्न सहयोग गर्नुपर्ने छ ।

## परिच्छेद-१२

## सुपरिवेक्षण, अनुगमन एवं मुल्यांकन

**२३. सुपरिवेक्षण, अनुगमन एवं मूल्यांकनः** संघीय विषयगत मन्त्रालयहरु, विषयगत महाशाखाहरु, ती मातहतका निकायहरु तथा प्रादेशिक विषयगत मन्त्रालयहरु, विषयगत महाशाखाहरु, ती मातहतका निकायहरु र स्थानीय तह मातहत विषयगत समिति/शाखाहरुद्वारा समूह/समितिको सुपरिवेक्षण, अनुगमन एवं मूल्यांकन आवश्यकता अनुसार गरिनेछ । आवश्यक तथ्यांकहरु मुख्यतया प्रतिवेदन फाराममा समावेश समूह/समितिहरुको योजना, मासिक र वार्षिक प्रतिवेदन फारामहरु र समूह/समितिमा विश्लेषण, वडा कार्यालय/सेवा केन्द्रस्तरमा प्रतिवेदन तयार गर्ने, अन्तिममा सम्वन्धित स्थानीय तहको सम्बन्धित विषयगत शाखा/इकाइका प्रमुख समक्ष पेश गर्नुपर्ने छ।

## परिच्छेद-१३

## विविध

२४. सम्वन्ध (Linkage) र समन्वय (Co-ordination) कृषि पशुपन्छी तथा महिला विकासका कार्यक्रमहरुमा सरोकारवाला विभिन्न सरकारी एवं गैर-सरकारी निकायहरु बीच आपसी सम्बन्ध र समन्वय हुनु अति आवश्यक छ । तिनको स्थापना औपचारिक एवं अनौपचारिक, व्यक्तिगत तथा आधिकारिक रुपमा हुन सक्दछ । जुनसुकै अवस्थामा पनि महिला विकास तथा कृषि प्रसारका पदाधिकारीहरुले सवैस्तरमा (फिल्ड देखि केन्द्रसंम्म) अन्य सम्बन्धित निकायहरुलाई महिला सशक्तिकरण, कृषि विकासका विभिन्न चरणहरुमा गतिशिल एवं सकारात्मक सहयोग पुऱ्याउन प्रेरित गर्न, निर्णायक एवं अहम भूमिका खेल्नु पर्नेछ ।

१. कृषि तथा महिला विकासको सम्पूर्ण जिम्मेवारीः स्थानीय तहको विषयगत शाखा/इकाई एवं यस अन्त्रगत कार्यरत पदाधिकारीहरु उपर रहनेछ । त्यसकारण, सम्बन्धित शाखा/इकाईले अनुदान, ऋण, विभिन्न सामग्रीहरु एवं सिंचाई सामग्रीहरु उपलब्ध गराउने निकायहरु, महिला सशक्तिकरण लगायत बजार व्यवस्था मिलाउने संस्थाहरुसँग सम्पर्क स्थापित गर्नु/गराउनु पर्नेछ।

२. सम्बन्धित शाखा/इकाई तथा यस अन्तर्गतका सम्बन्धित पदाधिकारीहरुले समूह/समिति, माथागढी गाउँपालिका अन्तर्गत रहेका गैर-सरकारी संस्थाहरुसँग नियमित सम्पर्क राख्नु पर्नेछ।

अध्यक्ष

३. महिला विकास, कृषि, पशु प्राविधिकहरुले स्थानीय सरोकारवालासँग सधै सम्पर्क स्थापित गरी कार्य क्षेत्रमा रहेका अन्य सरकारी कार्यालयहरु, संस्थानहरु, स्थानीय तहका पदाधिकारीहरु, स्कूलका शिक्षकहरु, व्यापारीहरु एवं सहकारी संस्थाहरुसँग वर्षको २ पटक समन्वय बैठक राख्नु पर्नेछ ।

२५. **समूह/समिति गठनको लागि खर्च सम्बन्धमाः** कुनै नयाँ समूह/समिति गठनको लागि आवश्यक पर्ने खर्च स्थानीय दर रेट अनुसार समूह/समिति गठन गर्ने निकायले गर्ने छ भने समूह/समितिको अन्य खर्च जस्तै नियमित बैठक, साधारण सभा आदी लगायतका लाग्ने अन्य खर्चहरु समूह/समितिको आफ्नो श्रोतबाट बेहोर्नु पर्नेछ ।

२६. **समूह/समितिको आबद्दताः** समूह/समितिको माध्यमद्वारा कृषि तथा महिला विकासको क्षेत्रमा योगदान पुऱ्याउने उद्देश्यले सम्बन्धित स्थानीय तहमा दर्ता भएका समूह/समितिहरु सम्बन्धित स्थानीय तह, प्रादेशिक र संघीय तहमा गठन हुने राष्ट्रिय समूह/समितिको महासंघमा आवद्ध हुन सक्नेछ ।

२७. **समूह/समितिको सहकारीकरणः** समूह/समितिलाई बढी सक्रिय, प्रभावकारी, दिगो र समुदाय विकासमा झनै योगदान गर्न सक्ने बनाउनको निम्ति सो क्षेत्रमा केही कार्यानुभव भएका उत्कृष्ट समूह/समितिले चाहेमा सहकारीमा परिणत गर्न सकिने छ । सामान्यतः स्थानीय सहकारी ऐन, २०७५ अनुसार तोकिएको ढाँचा पूरा भएको अवस्थामा सहकारी संस्था दर्ता गर्न योग्य हुन सक्नेछन्।सहकारी संस्था गठन गर्दा देहायका आधार पूरा भएका संस्था बढी दिगो हुन सक्नेछन् ।

- समूह/समितिको रुपमा ३ वर्षको अनुभव भएको ।
- पर्याप्त बचत संकलन एवं उत्कृष्ट कार्य सम्पादन भएको ।
- व्यवसायिक क्रियाकलापहरु संचालन गर्न सक्षम भएको साथै समूह/समितिको नाममा रहेको सम्पूर्ण चल/अचल सम्पति उक्त समूह/समिति भंग भएर बनेको सहकारी दर्ता भएपछि सो सहकारीको नाममा स्वतः हुनेछ ।

२८. **खारेजी तथा बचाउः** नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय मातहत निकायले दर्ता गरी संचालन गरी आएका माथागढी गाउँपालिका क्षेत्रभित्रका सबै समूह/समितिहरु यसै कार्यविधि अनुसार भए गरेको मानिने छ ।

२९. **प्रचलित कानुन लागू हुनेः** माथि जुनसुकै कुरा लेखिएको भए तापनि नेपालको प्रचलित मूल कानुनसँग बाझिने कुनै दफाहरु बाभिएका हदैसम्म अमान्य हुनेछन् ।

३०. **कार्यविधि संशोधन तथा परिमार्जन गर्न सक्ने :**

अध्यक्ष

१. यो कार्यविधिको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन गाउँपालिकाले आवश्यकता अनुसार थपघट, हेरफेर वा संशोधन तथा खारेजी गर्न सक्नेछ ।

२. यो कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अवरोध वा अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि गाउँ कार्यपालिकाको बैठकले आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ।

अध्यक्ष